# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट माघ २१, २०७५ साल संख्याः २**

**भाग – २**


**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि– २०७५

कार्यपालिकाबाट पारित मिति २०७५।१०।२१

पृष्ठभूमि

रिब्दीकोट गाउँपालिका अन्तर्गत कृषिजन्य उत्पादन वृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गर्न र बजारीकरण गर्न आवश्यकता महशुस गरि कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित टमाटरको परिणाम, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एक( ातिर संगठित बजारमा गुणस्तरीय कृषि फसल टमाटरको प्रवाह बढ्ने छ भने अर्कोतर्फ टमाटर उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडी बढाउन यो अनुदान कार्यक्रम कार्यविधिका रुपमा टमाटर उत्पादक

कृषि सहकारी संस्था मार्फत टमाटर विक्रि गर्ने सदस्य कृषकहरुलाई उत्पादनको परिमाणमा आधारित रहि अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले यस गाउँपालिकाले टमाटर उत्पादन बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाइ व्यवस्थित सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि गाउँपालिकाबाट जारी गरिएको छ ।

## प्रारम्भिक

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७५ रहेको छ ।

२. यो कार्यविधि रिब्दीकोट गाउँ सभाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ "कार्यालय" भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

२.२ "कार्यदल" भन्नाले, गाउँपालिकाको आर्थिक विकास शाखा सम्झनु पर्नेछ ।

२.३ "कार्यविधि" भन्नाले, टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०७५ रहेको छ ।

३ उद्देश्य :

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखिबाट परिणाममुखि तर्फ लैजाने ।

३.२ टमाटर उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो

व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय वनाउन प्रोत्साहन गर्ने ।

३.३ अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

३.४ साना कृषकहरुको समेत टमाटर उत्पादनलाई संगठित बजारमा प्रवाह गर्ने ।

३.५ गाउँपालिकाको प्रतिवद्धता अनुरुप कृषि उत्पादनमा आत्मनिर्भर बनाउन पहिलो पटक टमाटरबाट शुरु गरी आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

३.६ टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने ।

४. कार्यक्रम अवधिः

हाललाई यस कार्यक्रमको अवधि मिति २०........आषाढ मसान्त सम्मको हुनेछ ।

५. कार्य संचालन र प्रक्रियाः

५.१ गाउँपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषि सहकारी संस्थाहरुका लागि प्रस्ताव निवेदन आव्हवान (अनुसुचि १ बमोजिम) हुनेछ ।

५.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक सहकारीले तोकिएको म्याद भित्र अनुसुचि २ वमोजिमको निवेदन गाउँपालिकाको कार्यालयमा दिनुपर्ने छ ।

५.३ सहकारीको मापदण्ड

क) जुन सुकै समयमा पनि टमाटरको कारोबार गर्ने गरेको ।

ख) दैनिक संकलित टमाटर उत्पादक कृषि सहकारी

संस्था आफैले विक्रिवितरण गरी टमाटरको वेचविखनको प्रबन्ध गरेको ।

ग) नियमित रुपमा वार्षिक साधारण सभा र लेखापरिक्षण गर्ने गरेको ।

घ) स्थायी लेखा नं. प्राप्त गरेको र कर चुक्ता गरेको ।

ङ.) वडा कार्यालय तथा कृषि  समन्वय इकाईको सिफारिस संलग्न गरेको ।

च) सहकारीमा आवद्ध सवै कृषकहरुको फर्ममा बिषादी मानव स्वास्थ्य रहित हुने गरी सुरक्षा विधि अवलम्वन गरेको हुनु पर्ने छ ।

छ) सम्वन्धित सहकारीले आफुमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड बनाई पेश गर्नुपर्ने ।

ज) सहकारी संस्थाहरुले संस्थागत रुपमा टमाटर विक्रि गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

५.४ कार्यालयले वुँदा नं. ५.३ अनुसार कृषि समन्वय इकाइमा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका सहकारीलाई छनोट गरी गाउँपालिकामा पठाउनु पर्ने छ ।

५.५ वडा कार्यालय तथा कृषि समन्वय इकाईबाट सिफारिस भई आएका सहकारी संस्थाका आवेदन, प्रस्ताव उपर छानबिन तथा मूल्यांकन गर्नको लागि तपसिल अनुसारको मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सहसंयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| लेखा प्रमुख/सहायक | सदस्य |
| कृषि समन्वय इकाई प्रमुख | सदस्य सचिव |

५.६ उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन गाउँपालिका समक्ष सिफारिस पेश गर्ने छ ।

५.७ अनुदानको लागि छनौट भएका कृषि फसल टमाटर उत्पादक सहकारी संस्थाले अनुसूची ३ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

५.८ सम्झौता पछि छनौट भएका कृषि फसल टमाटर उत्पादक कृषि सहकारीहरुलाई विनियोजित बजेटको परिधि भित्र रही त्रैमासिक रुपमा सहकारीमा नै गई गाउँपालिकाले अनुदान रकम वितरण गर्ने छ ।

६ टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि आर्थिक आधार :

क) ५०१ के.जि देखि २००० के.जि सम्म सहकारी मार्फत विक्रि गर्ने किसान लाइ प्रति के.जि. रु २.५०।००

ख) २००१ के.जि. देखि भन्दा माथि ५००० के.जि. सम्म उत्पादन गरी सहकारी मार्फत बिक्रि गरेको खण्डमा २००० के.जि. सम्म रु २।५० रुपैया प्रति के.जि. र २००१ देखि माथि ५००० के.जि. सम्म प्रति के.जि. रु २।००

ग) ५००१ के.जि देखि माथि जतिसुकै मात्रामा उत्पादन गरी सहकारी मार्फत विक्रि गरेमा ५००० के.जि भन्दा मुनिको दफा ६ को उपदफा क र ख वमोजिम तथा सो भन्दा माथि प्रति के.जि रु १।०० रुपैया मात्र

७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था

यस कार्यक्रमको अनुगमन रिब्दीकोट गाउँपालिकाको कृषि समन्वय इकाईले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन रिब्दीकोट गाउ( ँपालिकामा पेश गर्नु पर्ने छ ।

८. थपघट वा हेरफेर गर्न सक्ने

८.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

८.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

८.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ।

## अनुसुची -१

टमाटर  उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक टमाटर उत्पादक कृषि सहकारी संस्थाहरुका लागि प्रस्ताव आब्हान

गाउपालिकाको आ.व............... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफु मातहतका टमाटर उत्पादक सदस्य कृषकहरुलाइ संलग्न गराउन इच्छुक टमाटर उत्पादक कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अनुसुचि २ अनुसारको निवेदन गाउँपालिकामा पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि रिब्दीकोट गाउँपालिकाको कृषि समन्वय इकाईमा सम्पर्क राख्नुहुन अनुरोध छ।

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा

अनुसूची- २

टमाटर उत्पादक कृषि सहकारी संस्थाले गाउँपालिका कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मिति २०  /  /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रिब्दीकोट गाउँपालिका
खस्यौली , पाल्पा ।

विषय : टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा रिब्दीकोट गाउँपालिकाको प्रकाशित सूचना अनुसार यस सहकारी संस्थाले उत्पादन  बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकाले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपशिल

१) कूल सदस्य संख्या :

२) संस्थाबाट संकलित टमाटर बिक्रि गरिने संस्थाहरुको नाम र ठेगाना

क)स्थानीय बजार

ख)तानसेन, बुटवल

३) उचित तौलको प्रयोग भए नभएको भएको

४) बार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण

५) जम्मा संकलन केन्द्र संख्या

६) रेकर्ड राख्ने गरे /नगरेको

७) टमाटरको गुणस्तर परीक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरेको नगरेको ।

८) टमाटर भण्डारण गर्ने उचित भण्डारण कक्ष भएको नभएको

९) सहकारी दर्ता/नवीकरणको प्रमाण पत्र

१०) कुनै प्रकारको कारबाहीमा नपरेको वारेमा स्वःघोषणा

११) कर चुक्ता प्रमाण पत्र ।

## अनुसूची- ३

## रिब्दीकोट गाउँपालिका र सहकारी संस्था विच हुने सम्झौता फारमको ढाँचा

रिब्दीकोट गाउँपालिकाको कार्यालय खस्यौली पाल्पा (यसपछि प्रथम पक्ष भनिने) र कृषि फर्म टमाटर उत्पादक कृषि सहकारी संस्था श्री ..................................... (यस पछि दोस्रो पक्ष भनिने) बिच टमाटर उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपशिल

१. दोस्रो पक्षले पहिलो पक्षलाई अनुदान रकम वितरण गर्दा अनुदान प्राप्त गर्ने आफ्ना सेयर सदस्यलाई भेला गरिदिनु पर्नेछ ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमति रुपमा बिषादी सुरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा र स्वच्छ उत्पादन, ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३. दोश्रो पक्षले उत्पादन स्थलदेखि आफूले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त टमाटर कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान बितरण गर्न गाउँपालिकालाई सहयोग गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंगगरी प्रचलित कानुन बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

माथि उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| दस्तखत : | दस्तखत : |
| नाम | नामः |
| पदः अधक्ष्य | पदः प्रमुख प्रशासकीय अधिकृत |
| संस्था : | कार्यालय : रिब्दीकोट गाँउपालिका |
| रोहवर : | रोहवर : |
| दस्तखतः | दस्तखत : |
| नामः | नाम : |
| पदः | पदः |
| संस्था : श्री ......................... | : रिब्दीकोट गाउँपालिका |

इति सम्बत् २० साल महिना गते रोज शुभम् ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत